मितिः-२०८२/११/२८ गते

समयः- विहान ११:०० बजे

स्थानः- आठविसकोट नगर कार्यपालिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको ११४ औं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री रवि के.सी. को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

| हस्ताक्षर | क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री राजेश गौतम | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ५ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ७ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | १० | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ११ | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | १२ | श्री जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | १४ | श्री प्रेम वहादुर पुन | ११ नं. वडा अध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १६ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १७ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| नन्द कुमारी | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २५ | रत्ने कामी | कार्यपालिका सदस्य | |
| अन्य उपस्थितिः- | | ५A इन्द्र वहादुर विष्ट | | |
| | १ | श्री जंग वहादुर थामीमगर | प्रशासकीय अधिकृत | |
| | २ | श्री कुवरे वस्नेत | सूचना प्रविधि अधिकृत | |
| | ३ | श्री मानवहादुर वटाला | एम.आइ.एस.अपरेटर | |
| | ४ | श्री तस्वीर परियार | कास | |
| | ५. | ५A इश्वर खड्का | लेखापाल | |

Scanned with CamScanner

**नगर कार्यपालिकाको ११४ औँ बैठक (मिति २०८२/११/२८ गते)का निर्णयहरु :-**

१. यस आठविसकोट नगरपालिकाको आ.व. २०८३/०८४ को लागि कर्णाली प्रदेश समपूरक र विशेष अनुदान अन्तरगत देहायका योजनाहरु प्राथमिकतामा राखि आर्थिक मामिला तथा योजना मन्त्रालयमा माग गर्ने।

क. समपूरक अनुदान अन्तरगत माग गर्ने योजनाहरु:

| क्र.सं. | योजनाको नाम | ठेगाना | कै. |
|---|---|---|---|
| १. | ८ नं. वडाको प्रशासनिक भवन निर्माण | आठविसकोट नगरपालिका ८, रुकुम (पश्चिम भाग) | |
| २. | ११ नं. वडाको प्रशासनिक भवन निर्माण | आठविसकोट नगरपालिका ११, रुकुम (पश्चिम भाग) | |
| ३. | ९ नं. वडाको प्रशासनिक भवन निर्माण | आठविसकोट नगरपालिका ९, रुकुम (पश्चिम भाग) | |

ख. विशेष अनुदान अन्तरगत माग गर्ने योजनाहरु:

| क्र.सं. | योजनाको नाम | ठेगाना | कै. |
|---|---|---|---|
| १. | आठविसकोट नगरपालिकाका स्वास्थ्य चौकीहरुका लागी उपकरण खरिद | आठविसकोट नगरपालिका, रुकुम (पश्चिम भाग) | |
| २. | आठविसकोट नगरपालिकाका सामुदायिक विद्यालयहरुका लागि ICT ल्याव स्थापना | आठविसकोट नगरपालिका, रुकुम (पश्चिम भाग) | |
| ३. | वादी समुदायको लागि खानेपानी आयोजना निर्माण | आठविसकोट नगरपालिका, रुकुम (पश्चिम भाग) | |

२. यस आठविसकोट नगरपालिकाको वसपार्कमा रहेको कृषि तथा पशु सेवा केन्द्रको भवन वसपार्कभित्र रहेको र वसपार्क सञ्चालन तथा व्यवस्थापनको ठेक्का सम्झौता भएकोले कृषि तथा पशु सेवा केन्द्रलाई दुग्ध सहकारी संस्थाको आठविसकोट नगरपालिका ९, रुकुम पश्चिम भागमा रहेको भवनबाट कार्यालय सञ्चालन गर्ने।

३. यस नगरपालिकाको ७ नं. वडामा निर्माण गर्ने भनिएको ल्यान्ड फिल साईट (Solid Waste Management) ९ नं. वडामा निर्माण गर्ने।

४. यस नगरपालिकाको वडा नं. ३ मा रहेको श्री गोरखनाथ आधारभूत विद्यालय पाटागाँउमा रित्त रहेको प्रधानाध्यापक पदमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम सोही विद्यालयको प्रा. वि. तह तृतिय श्रेणीमा कार्यरत श्री धन बहादुर ओलीलाई प्रधानाध्यापक नियुक्त गर्ने।

२०८२/११/२८
राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

५. यस आठविसकोट नगरपालिकाको ५ नं. वडा कार्यालयको प्रशासनिक भवन जग्गा विवादका कारण उक्त भवनको नगरपालिका र निर्माण व्यवसायी बिच भएको ठेक्का सम्झौता रद्द गरी निर्माण व्यवसायीको बैंक जमानत फुकुवा गर्ने।

६. यस आठविसकोट नगरपालिकाको नगर अस्पतालमा विगत केहि वर्ष देखि जनावरले टोकेका बिरामीहरु आउने दर बढिरहेको र त्यस किसिमका मानिसहरुमा रेविज संक्रमणको उच्च जोखिम हुने, साथै यस अस्पतालले विभिन्न जिल्लाहरुको जनसंख्यालाई सेवा दिने उपयुक्त स्थानमा समेत अवस्थित हुनाले यस अस्पताललाई रेविज संक्रमण विरुद्धको भ्याक्सिन प्रदान गर्न Anti Rabies Vaccination (ARV) site को रुपमा सुचीकृत गर्नका लागि स्वास्थ्य सेवा कार्यालय, रुकुम (पश्चिम भाग) मार्फत स्वास्थ्य सेवा विभाग, महामारी तथा रोग नियन्त्रण महाशाखा(EDCD), टेकु, काठमाडौँमा अनुरोध गर्ने।

७. श्री जनयूवा आधारभूत विद्यालय भल्मा, आठविसकोट नगरपालिका-१३, रुकुम (पश्चिम भाग)लाई शिक्षा ऐन, शिक्षा नियमावली र नगर शिक्षा नियमावली अनुसार कक्षा ६ सञ्चालन अनुमति दिने।

८. श्री आठविसकोट पिसजोन एजुकेशन एकेडेमी आठविसकोट नगरपालिका-९, रुकुम (पश्चिम भाग) लाई शिक्षा ऐन, शिक्षा नियमावली र नगर शिक्षा नियमावली अनुसार मा.वि. तह (कक्षा ९-१०) सञ्चालन अनुमति दिने।

९. यस आठबिसकोट नगरपालिकामा २०८०/०७/१७ गतेको जाजरकोट भूकम्पबाट प्रभावित र तत्पश्चात समय समयमा आएको बाढी पहिरो र आगलागीका घटनाबाट समेत प्रभावित भई सर्वसाधारणको निजी आवास क्षति भई बसोवासका लागि निजी आवास निर्माण गर्न सरल, किफायती, मजबुत, र स्थानीय सामग्री तथा श्रमिकको उपयोग गरेर नियमित तथा विपद् प्रभावितको आवास निर्माण कार्य गर्न गराउन लागि कम्युनीटि इम्प्याक्ट नेपाल, विल्ड अप नेपाल तथा आठबिसकोट नगरपालिका र अन्य स्थानीय सरकारहरुसँगको सहकार्यमा समेत तयार गरिएको **Disaster resilient homes: Type designs for Stone masonry and CSEB Interlocking brick** नमुना नक्शासंग्रहलाई स्वीकृत गर्ने।

१०. यस आठबिसकोट नगरपालिकामा निजी आवास निर्माण तथा पुनर्निर्माणको कार्य अगाडी बढिरहेको अवस्थामा रहेको र CSEB इट्टा प्रयोग गरी निर्माण गर्ने सर्बसाधारणकोसंख्या दिनानुदिन बाड्दैगएकोले सो निर्माण कार्यलाई नियमन तथा मुल्यांकन गर्नको लागि पेश भएको **"GUIDELINES ON CONSTRUCTION OF LOAD BEARING MASONRY BUILDINGS USING SOLID AND INTERLOCKING COMPRESSED STABILIZED EARTH BLOCKS"** कार्यविधि, स्थानीय सरकार (सञ्चालन) ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (छ) को देहाय (१) र सोहि उपदफाको खण्ड (न) को देहाय (१) ले दिएको अधिकार प्रयोग गरी उल्लेखित कार्यविधि स्वीकृत गर्न मनासिब हुने हुँदा सोका लागि प्रस्तावमा उल्लेख भएको उक्त कार्यविधि स्वीकृत गर्ने।

११. यस आठबिसकोट नगरपालिका वडा नं. ४ वस्ने काले कामीको छोरो वर्ष २२ को मदन वि.क. सवारी दुर्घटना भइ स्वास्थ्य उपचारको क्रममा नेपालगञ्ज सञ्जीविनी कलेज अफ मेडिकलमा उपचारको क्रममा मृत्यु भएको र निज अति विपन्न परिवारको र आर्थिक अवस्था समेत निकै कमजोर भएकोले निजको औषधी खर्च वापतको रु २ लाख ५० हजार रुपैया औषधी पसललाई भुक्तानी दिने।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

२०८१/११/२७
राजेश पोखरेल
प्रमुख प्रशासकीय अधिकृत